नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्यालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१५६ दायर मिति:-२०८१/०७/०६**

**फैसला मिति:-२०८१/०७/२१**

| वादी | प्रतिवादी |
|---|---|
| योगेन्द्र प्रसाद कुर्मीको जाहेरीले नेपाल सरकार.........................१ | खोभारी साह रौनियारको छोरा जिल्ला पर्सा कालिकामाई गा.पा. वडा नं.२ भेडियारी बस्ने आनन्द साह रौनियार........१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका रामसिंहासन महतो समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०६।२४ गते बेलुकी अं.१९:३० बजेको समयमा जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.०८ स्थित माईस्थान मन्दिरमा पुजा पाठ गरी मेला घुम्ने क्रममा प्रतिवादी आनन्द साहले मलाई पछाडीबाट धक्का दिदै पाईन्टको पछाडीको खल्तीमा हात हाल्न खोज्दा मैले निज प्रतिवादीलाई किन धक्का दिएको भनी सोधपुछ गर्दा निज प्रतिवादीले अश्लिल गाली गलौज गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी आनन्द साह रौनियारलाई कैद दिन १२, जरिवाना रु.४०००/- अक्षेरपी चार हजार र क्षतिपूर्ती शुल्क रु.२००/- मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी आनन्द साह रौनियारलाई ठहरेको कैद दिन १२ को हकमा निज मिति २०८१/०६/२४ देखि २०८१/०७/०५ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा क्षतिपूर्ती शुल्कको हकमा र.नं.१००/२०८१/०७/०६ दाखिला गरेको धरौटी रकम रु.४२००/- बाट जरिवाना रकम रु.४०००/- र क्षतिपूर्ती शुल्क रु.२००/- कट्टी गर्नु-------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

गणेश अर्याल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ कार्तिक महिना २१ गते बुधवार रोज ४/ ने.सं. ११४५ कछलाथ्व पञ्चमी, शुभम् ........